# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

# सिगास गाउँपालिका
# बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७
च.नं. ५४६

मिति: २०७७/०३/२८

विषय: <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री अध्यक्षज्यू,
सिगास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
बैतडी ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७
च.नं ५४७ मिति: २०७७/३/२८

श्री अध्यक्ष ज्यू,
सिगास गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, वैतडी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीयतहसँग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ६ करोड ६ लाख ३५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु. १० लाख ३२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ३५ लाख ७४ हजार नियमित गर्नुपर्ने रु. १ करोड ४८ लाख ८६ हजार पेश्की बाँकी रु.२ करोड ११ लाख ४३ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति **२०७६/६/२** मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना १७ यसै साथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीयविवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

**सिगास गाउँपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५।७६**

**परिचय एव उद्देश्यः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न प्रजातान्त्रिक प्रकृया, पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यका लागि स्थानीय तहको स्थापना भएको हो । नेपाल सरकार एवम् स्थानीय तहमै उपलब्धहुने स्रोत साधनको अधिकतम प्रयोग गरी योजनावद्ध सहभागिता मूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभपुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक कियाकलापहरु सन्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ ।

| **सि.नं.** | **आय** | | **व्यय** | |
|---|---|---|---|---|
| | **शिर्षक** | **रकम रु.** | **शिर्षक** | **रकम रु.** |
| १ | गत बर्षको अ.ल्या. | ८६७१४९८०।२३ | गत बर्षको अ.ल्या. | ४९१७७१०५।०० |
| २ | राजश्व बाडफाड चालु | ५६४१५१७९।२२ | राजश्व बाडफाड चालु | ५१८५२२४९।०१ |
| ३ | राजश्व बाडफाड प्रदेश | ८६२४९२।९९ | राजश्व बाडफाड प्रदेश | ८६२४९२।९९ |
| ४ | शसर्त अनुदान-८०१८७२ | १२६९८०९६७।०० | शसर्त अनुदान-८०१८७२ | १२६९८०९६७।०० |
| ५ | आन्तरीक आम्दानी | १३२४९३०।०४ | आन्तरीक आम्दानी | १३२४०००।०० |
| ६ | वित्तिय समानिकरण संघ-८०१८७२ | ८१६००००००।०० | वित्तिय समानिकरण संघ-८०१८७२ | ६८५४४५४९।०० |
| ७ | वित्तिय समानिकरण पुजिगत प्रदेश | ६६९९०००।०० | वित्तिय समानिकरण पुजिगत प्रदेश | ३१५६५२८।०० |
| ८ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम-३६५८०९४ | १२१४००४।०० | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम-३६५८०९४ | १२१४००४।०० |
| ९ | सामाजिक सुरक्षा कार्यक्रम-३६५०१५३ | ३४३२८२००।०० | सामाजिक सुरक्षा कार्यक्रम-३६५०१५३ | ३४३२८२००।०० |
| १० | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम-३६५१५८३ | ३०५०००।०० | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम-३६५१५८३ | ३०५०००।०० |
| ११ | बहुक्षेत्रीय पोषण कार्यक्रम-३६५८४७३ | १४४१९३३।०० | बहुक्षेत्रीय पोषण कार्यक्रम-३६५८४७३ | १४४१९३३।०० |
| १२ | गरिब संग बिषेश्वर कार्यक्रम-३१२२०५३ | ३९४०००।०० | गरिब संग बिषेश्वर कार्यक्रम-३१२२०५३ | ३९४०००।०० |
| १३ | स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम-३६५१६०३ | ३३७४७४५।०० | स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम-३६५१६०३ | ३३७४७४५।०० |
| १४ | प्रधानमन्त्री रोजगार कार्यक्रम-३७११०८३ | ४१०९७१३।०० | प्रधानमन्त्री रोजगार कार्यक्रम-३७११०८३ | ४१०९७१३।०० |
| १५ | प्रदेश अनुदान शिक्षा | १०२००००।०० | प्रदेश अनुदान शिक्षा | १०२००००।०० |
| १६ | मालपोत कार्यालयबाट रजिष्ट्रेसन बापत प्राप्त आय | १४१९९५।०० | मुल संचित कोष खाता | ५९५१७७९।६१ |
| १७ | अन्य विविध आय | ६७६१४६।१३ | स्थानीय तह धरौटी खाता | ८९४४७१।०० |
| १८ | धरौटी (गत आ.व. को अ.ल्या. समेत) | ८९४४७१।०० | | |
| | **जम्मा** | ४०८४९७७५६।६१ | | ४०८४९७७५६।६१ |

**कार्यालय :** सिगास गाँउ कार्यपालिकाको कार्यालय,बैतडी ।                    आर्थिक वर्ष : २०७५।७६

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | | **<u>वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिम छन</u>**<br>**अख्तियारी :-** सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र कार्यापालिका अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट अख्तियारी दिनुपर्ने व्यवस्था छ । गाउँ सभा तथा कार्यपालिकाले विनियोजित बजेट खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकिय अधिकृतलाई दिएको छैन । समयमै बजेट खर्च गर्ने अख्तियारी दिई प्रमुख प्रशासकिय अधिकृतलाई कार्य सम्पादन प्रति जिम्मेवार बनाउनु पर्दछ । | |
| २ | | **वार्षिक खरिद योजना** :- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६ मा कार्यालयले वार्षिक खरिद योजना तयार गरी सो अनुसार मालसमान र सेवा खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्षको खरिद तर्फ योजना तयार गरेको छैन । त्यस्तै,सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) बमोजिम खरिद कार्यको लागि खरिद ईकाई समेत गठन गरेको छैन । ऐन बमोजिम खरिद ईकाई गठन तथा वार्षिक खरिद योजना तयार गरी मालसमान र सेवा खरिद गर्नुपर्दछ । | |
| ३ | | **योजना तर्जुमा र कार्यान्वयन :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो आधिकार क्षेत्र भित्रका विषयमा स्थानिय स्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत, विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको सूचीतयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले यो वर्ष उपरोक्त ऐनले गरेको व्यवस्था बमोजिमका विषयलाई प्राथमिकता दिई मध्यकालिन तथा दिर्घकालिन विकास योजनाहरुको छनौट गरेको छैन । सभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा अधिकांश स-साना योजनाहरु रहेको, उत्पादनमूलक योजना भन्दा अनुत्पादन तथा वितरणमुखि र नीजि प्रकृतिका योजनाहरु रहेका छन । बजेट तथा कार्यक्रम स्वीकृत गर्दाको समयका योजना तथा कार्यक्रमको रकम समेत आर्थिक वर्षको अन्तमा रकमान्तर गरी स-साना योजना र वितरणमुखि कार्यक्रममा खर्च भएको | |

| | | | |
|---|---|---|---|
| | | स्थिति छ । गाउँपालिकाले योजनाको छनौट गरी स्वीकृत गर्दा ऐनले व्यवस्था गरेको विषयलाई ध्यान दिई वितरणमुखि भन्दा उत्पादनमूलक योजनाहरुको छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । | |
| ४ | | **श्रोतको अनुमान तथा बजेट सीमा :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा गाउँपालिकाले आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य प्रक्षेपण गर्ने, राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने, विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने व्यवस्था गरेको छ । नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणको आधार तय गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले यो वर्ष केन्द्र तथा प्रदेशबाट प्राप्त हुने राजस्व बाँडफाँड तथा वित्तीय हस्तान्तरण लगायत आन्तरिक श्रोत तर्फको बजेट तथा कार्यक्रम बनाउँदा बेग्लाबेग्लै श्रोतगत हिसाबमा बजेट तयार गरेको छैन । राजस्व बाँडफाँड, वित्तीय समानिकरण र आन्तरिक श्रोत सबै रकमलाई एउटै बास्केटमा राखि बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारण गरी चालु तथा पूँजीगत प्रकृतिको विषयमा खर्च गरेको छ । गाउँपालिकाले राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानिय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाकाको आधारमा बजेटको बाँडफाँड गर्नुपर्दछ । | |
| ५ | | **आन्तरिक लेखा परिक्षण :-**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था उल्लेख छ । गाउँपालिकले ऐनले गरेको व्यवस्था बमोजिम आन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा आन्तरिक लेखापरिक्षण गराएको छैन । ऐनको मनसाय बमोजिम आन्तरिक लेखापरिक्षण गर्नुपर्दछ । | |
| ६ | | **आन्तरिक नियन्त्रण प्रणाली :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलितकानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान गर्ने, नियन्त्रणको वातावरण, सूचनाको आदान प्रदान, अनुगमन तथा मूल्यांकन जस्ता विषयलाई समेटनु पर्ने व्यवस्था ऐनले गरेको छ । गाउँपालिकाले ऐनले गरेको व्यवस्था बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार | |

| | | | |
|---|---|---|---|
| | | गरी कार्यान्वयनमा ल्याएको छैन । कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रण्को वातावरण, सुचना आदान प्रदान तथा अनुगमन तथा मूल्यांकन जस्ता विषय समेटिने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ७ | | **जिन्सी मूल्यांकन :-** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयमा रहेको र कुनै श्रोतबाट प्राप्त जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी राख्नु पर्दछ भन्ने व्यवस्था छ । गाउँपालिकाले आफ्नो कार्यालयमा रहेका जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी जिन्सी मूल्यांकन गरि राखेको छैन । नियमले गरेको व्यवस्था बमोजिम जिन्सी मालसामानको अद्यावधिक विवरण तयार गरी जिन्सी मालसामानको मूल्यांकन गरी प्रतिवेदन लिई राख्नु पर्दछ । | |
| ८ | | **तलबि प्रतिवेदन :-**गाउँपालिका र गाउँपालिका अन्तर्गतका स्वस्थ्य, शिक्षा, कृषि, महिला लगायत सबै निकायमा कार्यरत स्थायी कर्मचारीको वार्षिक रुपमा तलवि प्रतिवेदन पास गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । गाउँपालिकाले यो वर्ष शिक्षा, स्वास्थ्य, कृषि, पशु स्वास्थ्यतर्फ कर्मचारीहरुको तलबि प्रतिबेदन पास नगरी रु.६,९१,०७,२४६।- तलब भत्तामा खर्च लेखेको छ । | |
| ९ | | **लेखा ढाँचा :-**सार्वजनिक निकायले सार्वजनिक खर्चको लेखा राख्दा नयाँ स्वीकृत लेखा ढाँचा (NEPSAS) बमोजिम श्रेस्ता लेखा तयार गर्नुपर्दछ । नयाँ लेखा ढाँचा आर्थिक वर्ष २०७५।७६ मा स्वीकृत भै लागु भै सकेको अवस्थामा गाउँपालिकाले सो बमोजिम नयाँ लेखा ढाँचामा लेखा तयार गरेको छैन । | |
| १० | | **नियमितताको लेखापरीक्षबाट देखिएका व्यहोरा देहाय बमोजिम छन् :-**<br><br>**पदाधिकारीको पारिश्रमिक :-** पदाधिकारीको पारिश्रमिकमा रु.५५,७४,०००।- बजेट व्यवस्था गरेकोमा रु.५१,४०,४००।- खर्च गरेको छ । गाउँपालिकाको आन्तरिक आय रु.१३,५०,०००।- रहेको छ । आन्तरिक आय रु.१३,५०,०००।- रहेको अवस्थामा पदाधिकारीको पारिश्रमिक आन्तरिक आयबाट खर्च नगरी राजस्व बाँडफाँडबाट गरेको छ । गाउँपालिकाले आफ्नो आन्तरिक श्रोत वृद्धि गरी ऐनको मनसाय बमोजिम आन्तरिक श्रोतको आधारमा मासिक पारिश्रमिक दिने व्यवस्था गर्नु पर्दछ । | |
| ११ | | **राजस्व बाँडफाँड :-** गाउँपालिकाले यो वर्ष राजस्व बाँडफाँड तर्फ प्राप्त भएको सबै रकम रु.७,०४,२३,०००।- गाउँपालिकाको प्रशासनिक खर्च तर्फ चालु खर्चमा विनियोजन गरी खर्च गरेको छ । राजस्व बाँडफाँडको रकमबाट कार्यालय | |

| | | | |
|---|---|---|---|
| | | संचालनको लागि आवश्यक पर्ने रकम विनियोजन गरी बाँकि हुने रकम सूत्रको आधारमा पूँजीगत तर्फको कार्यक्रम तथा राज्यको निर्णायक तहमा पहुँच नपुगेको वर्ग महिला, दलित, पिछडिएको वर्ग, सिमान्तकृत वर्गको उत्थान गर्ने जस्ता लक्षित कार्यक्रममा विनियोजन गर्नुपर्दछ । | |
| १२ | | **गाडी भाडा :-** गाउँपालिकाले यो वर्ष गाडी भाडा स्वरुप रु.१६,३५,५००।- खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९५ मा सार्वजनिक निकायले निकायको दैनिक कार्य संचालन गर्न आवश्यक पर्ने सेवा करारमा लिन सक्ने व्यवस्था गरेको छ । नियमावलीको नियम १३ वमोजिम भाडामा लिईने सवारी साधनको नियमावलीले गरेको व्यवस्था बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पाँच लाख रुँपैया भन्दा बढी शुल्क लाग्ने सेवा लिनको लागि सार्वजनिक निकायले सूचना प्रकाशन गरी प्रतिस्पर्धाको माध्यमवाट सवैभन्दा घटी सेवा शुल्क प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सेवा करार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष पटक पटक गाडी भाडामा लिई रु.१६,३५,५००।- खर्च गरेको छ । कार्यालयको कामको आवश्यकताको आधारमा कार्यालयले लागत अनुमान तयार गरी सार्वजनिक सूचना आह्वानसाथ प्रतिस्पर्धाको माध्यमबाट कार्य गराउनु पर्दछ । | |
| १३ | | **विविध खर्च :-** नेपाल सरकार, अर्थमन्त्रालयले प्रकाशन गरेको खर्च शिर्षकको वर्गिकरण र व्याख्यामा विविध प्रकृतिको खर्च भित्र कार्यालयको कार्यसम्पादनको सिलसिलामा आइपर्ने स-साना कार्यहरु चिया, पानी जस्ता कार्यहरुमा खर्च गर्न सकिने उल्लेख छ । गाउँपालिकाले यो वर्ष विविध खर्चमा रु.२२,३७,०६४।- खर्च गरेको छ । सो खर्च मध्ये रु.१२,४६,०७०।- को खर्चमा होटलको खाना खर्च, खाजा खर्च, बास खर्चको बिल मात्र समावेश गरी खर्च लेखेको छ । कार्यालयको के कुन कामको लागि खर्च भएको उल्लेख भएको छैन । अतिथि सत्कार लगायतको विषय उल्लेख गरी ठाडो बिल मात्र राखी गरेको खर्च नियमित खर्च मान्न नसकिएकोले नियमित गर्नुपर्दछ । | १२४६०७०.०० |
| १४ | | **आर्थिक वर्षको अन्तमा खर्च :-** १७५।०७६-०३-२५, १७७।०७६-०३-३० गाउँपालिकाले आर्थिक वर्षको अन्तमा विभिन्न शैक्षिक संस्था तथा स्वास्थ्य संस्थाहरुलाई सहायता स्वरुप रु.३,४१,४८०।- खर्च लेखेको छ । स्वीकृत कार्यक्रम भित्र रही समयमा नै कार्य सम्पन्न गर्ने गरी निकासा दिनुपर्नेमा आर्थिक वर्षको अन्तिम दिन तिर निकासा दिएको कारण यस वर्षको कार्यक्रम सम्पादन हुने स्थिति छैन । आ.व.को अन्तमा केवल खर्च गर्ने हिसाबले मात्र निकासा दिएको देखिन्छ । | ३४१४८०.०० |

<table>
<tr><td>१५</td><td></td><td>स्वास्थ्य संस्थालाई सहायता :- १७०।०७६-०३-२५ गाउँपालिकाले विभिन्न स्वास्थ्य संस्थालाई रु.३,७५,०००।- आर्थिक वर्षको अन्तमा निकासा पठाएको छ । चालु वर्षको स्वीकृत कार्यक्रम सम्पादन गर्नको लागि समयमा नै निकासा दिनुपर्नेमा आ.व.को अन्तमा निकासा दिएको रकमबाट कार्य सम्पादन हुने स्थिति रहँदैन । केवल खर्च देखाउने प्रवृतिले मात्र निकासा गरेको रकमलाई नियमित खर्चमा मान्न नसकिएकोले नियमित गर्नुपर्दछ ।</td><td>३७५०००.००</td></tr>
<tr><td>१६</td><td></td><td>ग्रेड थप भुक्तानी :- १३५।०७६-०३-१३ गाउँपालिकाले कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम यस कार्यालयमा समायोजन भएका देहायका कर्मचारीलाई समायोजनको निर्णय भएको मिति देखि थप २ ग्रेड बराबरको रकम खर्च लेखेको छ । कर्मचारी हाजिर भएको मिति वा पत्र बुझि कार्यालयमा हाजिर भएको मिति देखिको मात्र खर्च लेख्नु पर्नेमा सो बमोजिम लेखेको छैन । साथै स.ई दिपक शाहीको छुट ग्रेड भनि खर्च लेखेकोमा सो को विवरण समेत नराखी रु.२०,७०१।- खर्च लेखेको प्रमाण पेश गर्नपर्दछ ।<br>
<table>
<tr><td>कर्मचारी</td><td>वापत</td><td>रकम रु.</td></tr>
<tr><td>खरिदार श्री राज बहादुर धामि</td><td>समायोजन ग्रेड</td><td>७३९०.००</td></tr>
<tr><td>स.ई श्री दिपक शाहि</td><td>छुट ग्रेड</td><td>१३३११.००</td></tr>
<tr><td></td><td></td><td>२०७०१.००</td></tr>
</table></td><td>२०७०१.००</td></tr>
<tr><td>१७</td><td></td><td>कार्यक्रम प्रसारणको विवरण नभएको :- गाउँपालिकाले पत्रपत्रिका तथा सूचना प्रकाशन खर्चमा रु.१९,५०,०००।- खर्च गरेको छ । गाउँपालिकाको के कुन कार्यक्रमको लागि खर्च गर्ने हो सो को कार्य योजना तयार गरी खर्च गरको छैन । भौ.नं.१४६।०७६-०३-२४ बाट कार्यक्रम प्रसारण वापत रेडियो सेभेन स्टार खोड्पेलाई रु.२,५०,०००।- भुक्तानी भएको छ । रेडियो एफ एमलाई हुने र भएको भुक्तानीमा के कार्यक्रम गर्ने हो, कार्यक्रम उत्पादन देखि प्रसारण सम्मको सम्पूर्ण विवरण तथा Tie sheet लिएर मात्र कामको आधारमा भुक्तानी गर्नुपर्दछ । कार्यक्रम संचालन गरेको विवरण नराखी केवल बिल मात्र राखी खर्च गरेकोमा कार्यक्रम उत्पादन तथा प्रसारणको विवरण पेश गर्नपर्दछ ।</td><td>२५००००.००</td></tr>
<tr><td>१८</td><td></td><td>आन्तरिक आय :- गाउँपालिकाले यो वर्ष रु.१३,५०,०००।- आन्तरिक आय गरेको छ । सो आय मध्ये रु.२,७३,०००।- गाउँपालिकामा रहेको डोजर तथा ट्रिपरको भाडा मात्र रहेको छ । आन्तरिक आयको रकमबाट विभिन्न कार्यक्रममा रु.१३,२४,०००।- खर्च गरेको छ । आन्तरिक आयतर्फको आम्दानी र खर्चको लेखा तोकिएको लेखा ढाँचामा तयार गर्नुपर्दछ । आयतर्फ नगदी रसिदको विवरण र रसिद नियन्त्रण खाता राखी आम्दानी तथा खर्चको लेखा अद्यावधिक गरी राख्नुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| १९ | | **घर भाडा :-** गाउँपालिकाले कार्यालय प्रयोजनको घर भाडा स्वरुप रु.४,११,०००।- भुक्तानी गरेको छ । घर भाडा भुक्तानी गर्दा जिल्लाको रेन्ट कमिटिको निर्णयको आधारमा घर भाडा तय गरी सम्झौता गरी भुक्तानी गर्नुपर्दछ । कार्यालयले रेन्ट कमिटिको निर्णयको आधारमा घर भाडा भुक्तानी गरेको छैन । नियमानुसार रेन्ट कमिटिको निर्णयको आधारमा  सम्झौता गरी घर भाडा भुक्तानी गर्नुपर्दछ । | |
| २० | | **गाउँपालिका (पूँजीगत), (०७४।०७५ को कार्यक्रम)**<br>**वित्तिय समानिकरण :-** गाउँपालिकाको आर्थिक वर्ष २०७४।०७५ मा गाउँ सभाबाट विनियोजन भएको वित्तिय समानिकरण अन्तर्गतका आयोजनामा खर्च भई बाँकि रहेको रकम रु.७,६९,९२,९५३।- रहेको छ । आर्थिक वर्षको अन्तमा बाँकि रकम स्थानीय तहको मूल कोष (संचित कोष) मा जम्मा गर्नुपर्ने हुन्छ । आगामि वर्षको लागि गाउँपालिकाले बहुवर्षिय योजना अर्थात क्रमागत योजना र सालबसाली योजनाहरुको छनौट गरी गाउँपालिकाको मूलकोषमा भएको रकम र आगामि वर्ष प्राप्त हुने रकमको श्रोत समेत छुट्टिने गरी कार्यक्रम र बजेट गाउँ सभाबाट स्वीकृत गराउनु पर्दछ । गाउँपालिकाले क्रमागत योजना तथा सालबसाली योजनाको छनौट गरी कार्यक्रम तथा बजेट बाँडफाँड गरेको छैन । वित्तिय समानिकरणको गत वर्षको मौज्दात रकमबाट गत वर्षका योजनामा खर्च गर्ने गाउँ सभाको सैद्धान्तिक निर्णयको आधारमा आ.व. २०७४।०७५ मा नै स्वीकृत भएका योजनाहरुमा रु.४,८९,६४,१०५।- खर्च गरेको छ । यस कार्यक्रमबाट खर्च गर्दा कतिपय योजना आ.व. २०७४।०७५ मा सम्झौता भएको छ भने कतिपय योजना आ.व. २०७५।०७६ मा सम्झौता गरिएको छ । दुवै वर्षमा सम्झौता गरिएका योजनामा कतिपय योजनाहरु सम्झौता अवधि भित्र कार्य समेत भएका छैनन् । वित्तिय समानीकरणको रकम खर्च गर्दा योजनाकोहरुको छनौट गरी गाउँ सभाबाट निर्णय गराएर समयमा नै कार्यसम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरी खर्च गर्नुपर्दछ । | |
| २१ | | **दोहोरो कार्य :-** गाउँपालिकाले दोगडा लघु जलविद्युतको नहर निर्माण कार्य गर्नको लागि दोगडा लघु जलविद्युत उपभोक्ता समितिसँग मिति २०७४-०२-२० मा लागत अनुमान रु.४,३८,०६९।- को तयार गरी भौ.नं. ६ मिति २०७५-०६-२१ मा रु.३,५०,०००।- भुक्तानी गरेको छ । अगाडि गरेको कार्य उल्लेख नगरी एउटै नहर निर्माणको लागि सोहि उपभोक्तासँग पूनः सोहि कार्य गर्ने गरी कार्यालयले मिति २०७४-११-२९ मा रु.११,९४,८५८।- को लागत अनुमान बनाई भौ.नं.५।०७६-०६-२१ मा रु.९,५५,०००।- भुक्तानी गरेकोले अगाडि गरेको काममा दोहोरो हुने गरी एउटै उपभोक्ता समितिलाई दोहोरो भुक्तानी गरेको असुल गर्नुपर्दछ । | ९५५०००.०० |
| २२ | | **नियमित गराउनु पर्ने :-** ७४।०७६-०३-२३ गाउँपालिकाले साउने खेत- गर्जे सडक निर्माण कार्यमा रु.३७,१०,४२७।- खर्च गरेको छ । स्थानीय समुदायको मागको | |

| | | | |
|---|---|---|---|
| | | आधारमा छनौट गरिएका आयोजनाहरु गाउँसभाबाट स्वीकृत गराई संचालन गर्नुपर्नेमा यस सडक योजनालाई गाउँसभाले स्वीकृत गरी बजेट विनियोजन गरेको छैन । कार्यपालिकाको निर्णयले २०७४।०७५ मा सम्झौता गरी सोहि वर्ष सम्पन्न गर्नुपर्ने योजना आ.व. ०७५।०७६ मा सम्झौता गरेको छ । सो योजनामा अखिल निर्माण सेवाले डोजर भाडामा लगाई प्रति घण्टा रु.६५००।- को ( अस्वाभाविक दर) दरले ४५० घण्टा (डिजेल बाहेक) को रु.२९,२५,०००।- भाडा भुक्तानी लिएको छ । त्यसै योजनामा गाउँपालिकाले आफ्नै डोजर भाडामा लगाएवापत रु.२,७३,०००।- आय प्राप्त गरेको छ । निजी स्वामित्व भएको व्यवसायीले डोजर भाडामा लगाएको रकमको तुलनामा गाउँपालिकाको डोजरको आय नगन्य रहेको छ । डोजर भाडामा प्रति घण्टा रु.६५००।- (डिजेल बाहेक) जिल्ला दर रेट भन्दा अत्याधिक मात्रामा बढी रहेको छ । गाउँपालिकाको डोजर भाडाको आम्दानी न्यून रहने र निजी कम्पनीलाई जिल्ला दर रेट बमोजिम नगर्ने प्रवृति रोक्नु पर्दछ । गाउँपालिकाको डोजर तथा ट्रयाक्टर निजी प्रयोगमा लगेको अवस्थामा निर्धारित दर रेट कायम गरी लगसिट व्यवस्थिति गरी कामको आधारमा आय प्राप्त गरी गाउँपालिकाको आयश्रोत वृद्धि गर्नुपर्दछ । गाउँपालिकाबाट छनौट गरिएको र खर्च भएको रु.३७,१०,४२७।- को सो आयोजनाको हाल सम्म कार्य सम्पन्न भएको छैन । बजेटको व्यवस्था नभएको अवस्थामा भएको कार्यलाई गाउँसभाबाट समर्थन गराई नियमित गर्नपर्दछ । | ३७१०४२७.०० |
| २३ | | **DPR भन्दा बाहिर गै कार्य गराएको :-** गाउँपालिकाले विप्पे-कटाल-दुलैला-ढुङगाड-डोटी-तलारा सडक योजनाको निर्माण गर्न मिति २०७५।०२।१४ मा रोशन आर वी. कन्ट्रक्सन जेभीसँग कवोल अंक रु.१,४८,३३,३१५।- (vat समेत) मा कार्य गर्ने गरी सम्झौता गरेको छ । मिति २०७५।०५।११ सम्म ठेक्का अवधि रहेको सो निर्माण कार्यको कार्य सम्पन्न हाल सम्म हुन सकेको छैन । ठेक्काको म्याद साँढे दुई महिना बाँकि छँदै मिति २०७५।०३।२८ मा निर्माण व्यवसायीले म्याद थपको निवेदन दिएको छ । म्याद थपको टिप्पणी कार्यालयले मिति २०७५।०९।२ मा उठान गरेको छ । निर्माण व्यवसायी र कार्य सम्पादन गराउन सम्झौता गर्ने कार्यालय दुवै कुनै विधिमा संचालन भै समयमा कार्य सम्पन्न गर्ने तर्फ लागेको देखिदैन । मिति २०७५ पौष मसान्त सम्म म्याद थप भएको ठेक्काको हाल सम्म कुनै कार्य भएको पनि छैन र यस पछि म्याद थप तर्फ पहल पनि भएको छैन । यो वर्ष भौ.नं.४२ मिति २०७५।०९।३ मा रु.१,३६,८३,६५०।- कार्य वापत भुक्तानी भएको छ । निर्माण व्यवसायीले कार्यालयले स्वीकृत गरेको योजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) मा उल्लेख गरिएको परिमाण भन्दा देहाय बमोजिमको कार्यमा कयौं गुणा बढी परिमाणमा काम गरेको देखाई भुक्तानी भएको छ । DPR भन्दा बढी परिमाणको कार्य भएको खण्डमा निर्माण व्यवसायी तथा काम लगाउने दुवै पक्ष | |

<table>
<tr><td></td><td></td><td>उतिकै जिम्मेवार रहनु पर्दछ । सडकको DPR भन्दा बढी परिमाण कामको रु.५६५१९०३.३५।-भुक्तानी अनियमित भुक्तानीलाई नियमित गर्नुपर्दछ ।
<table>
<tr><th>ITEM</th><th>इकाई</th><th>DPR quality</th><th>काम भएको परिमाण</th><th>दर</th><th>हुनुपर्ने भुक्तानी</th><th>भुक्तानी भएको</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>Ordinary soil</td><td>$m^3$</td><td>27353.45</td><td>43129.40</td><td>94.00</td><td>2571224.3</td><td>4054163.6</td><td>1482939.3</td></tr>
<tr><td>Hard soil</td><td>$m^3$</td><td>18175.00</td><td>21522.80</td><td>112.00</td><td>2035600</td><td>2410553.6</td><td>374953.6</td></tr>
<tr><td>Soft Rock</td><td>$m^3$</td><td>5966.00</td><td>19157.60</td><td>213.00</td><td>1270758</td><td>4080568.8</td><td>2809810.8</td></tr>
<tr><td>Medium Rock</td><td>$m^3$</td><td>4962.08</td><td>00</td><td>00</td><td>00</td><td>00</td><td>00</td></tr>
<tr><td>Hard Rock</td><td>$m^3$</td><td>2146.55</td><td>7707.00</td><td>177.00</td><td>379939.35</td><td>1364139</td><td>984199.65</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>6257521.65</td><td>11909425</td><td>5651903.35</td></tr>
</table>
</td><td>५६५१९०३.३५</td></tr>
<tr><td>२४</td><td></td><td>दाहोरो कार्य :- गाउँपालिकाले आ.व.२०७४।०७५ मा स्वीकृत गरेको गाजरी कुर्सिनेटा सडक निर्माण कार्यको लागि गाजरी कुर्सिनेट सडक उपभोक्ता समितिसंग मिति २०७५।०९।३ मा सम्झौता गरी रु.२७,९२,०००।- खर्च गरेको छ । एउटै सडक खण्डमा एउटै उपभोक्ता समितिसंग एकै वर्षमा दोहोरो पर्ने गरी पुनः सोहि सडकको मर्मत कार्य गर्ने गरी रु.३२,०८,०००।- सम्झौतामा रु.२४,०८,०००।- खर्च गरेको छ । आयोजनाको कामको मूल्यांकन गर्ने, अनुगमन समितिको प्रतिवेदन लिने र दोहोरो नपर्ने गरी कार्य गराउनु पर्दछ । एउटै चेनेजहरुमा लगातार मर्मत गरेको उल्लेख गरेको, निर्माण कार्य सम्पन्न हुन नपाउदै निर्माण कार्यमा खर्च भए भन्दा मर्मत कार्यमा बढी खर्च भएको स्थिति रहेको छ । एउटै वर्ष एउटै बाटोमा एउटै उपभोक्ता समितिलाई दोहोरो कार्य भएको छैन भन्ने आधार प्रमाण पेश गर्नपर्दछ ।</td><td>२४०८०००.००</td></tr>
<tr><td>२४.१</td><td></td><td>त्यसै गरी कार्यालयले भेके खोला लघु जलविद्युत विकास नहर निर्माण आयोजनाको लागि आ.व.२०७४।०७५ र आ.व.२०७५।०७६ को कार्यक्रम भनि एउटै वर्ष एउटै उपभोक्ता समितिबाट रु.१,१९,००,०००।- बराबरको कार्य गराएको छ । अघिल्लो कामको मूल्यांकन गरी योजनामा काम बाँकिको आधारमा योजना दिनुपर्नेमा हचुवाको भरमा रकम विनियोजन गरेको छ । समयमा कार्य सम्पन्न गर्ने गरी कार्य नगराएको साथै दुवै योजनाको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।</td><td>११९०००००.००</td></tr>
<tr><td>२५</td><td></td><td>पाइप वितरण :-७८।०७६-०३-३० कार्यालयले आर्थिक वर्षको अन्तमा खानेपानी संरचना निर्माण कार्यक्रमअन्तर्गत रु.२,००,०००।- बराबरको खानेपानीको पाइप खरिद गरी विभिन्न उपभोक्तालाई २००/३०० मिटरको दरले वितरण गरेको छ ।</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | आवश्यकताको आधारमा योजनामा प्रयोग गर्नुपर्ने पाइप उपयोग विहिन तरिकाले वितरण गरेको छ । वितरण गरिएको पाइपको प्रयोग भएको आधारमा प्राविधिक मूल्यांकन गरी अनुगमन प्रतिवेदन प्राप्त गर्नपर्दछ | २०००००.०० |
| २६ | | **वितिय समानीकरण (पूँजीगत) ०७५।०७६ को कार्यक्रम**<br>**सर्भे कार्य :-** सार्वजनिक खरिद नियमवली,२०६४ को नियम (३) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा आवश्यकता पहिचान गरी आर्थिक श्रोतको व्यवस्था गरेर मात्र गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले यो वर्ष विभिन्न सडकहरुको सर्भे गर्ने कार्यमा रु.३१,०८,१२५।- खर्च गरेको छ । सडक सर्भे गर्नुभन्दा पहिला कुन कुन सडकको सर्भे गर्ने, सडक के कुन महत्वका हुन, सो को आवश्यकताको पहिचान गरेर मात्र गर्नुपर्नेमा आवश्यकताको पहिचान गरेको छैन । सर्भे गर्ने योजना गाउँ सभाबाट स्वीकृत गरी बजेट व्यवस्था गर्नुपर्नेमा गाउँसभाबाट स्वीकृत पनि नभएको, बजेटको व्यवस्था पनि गरेको छैन । स्वीकृत कार्यक्रम भित्र बजेटको व्यवस्था गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सार्वजनिक सूचनाको माध्यमबाट प्रतिस्पर्धा गरी काममा गुणस्तरियता कायम गर्ने किसिमले कार्य सम्पादन गराउनु पर्नेमा कार्यालयले कार्यालयकै प्राविधिक कर्मचारीबाट एक मुष्ठ कि.मि. र दर उल्लेख गरी कार्य गराएको छ । कार्यालयको कामको लागि कार्यालयमा कार्यरत कर्मचारीबाट भ्रमण आदेश भरेर गराउन सकिने कार्यमा मितव्ययीरुपमा कार्य नगरी आर्थिक श्रोत साधनको खर्चमा वृद्धि हुने गरी खर्च गरेको छ । प्राप्त भएका सर्भे प्रतिवेदनहरु मूल्यांकन समितिको सिफारिश गरिएको छैन, अनुगमन समितिले सिफारिश गरेको छैन । खुद कामको १५ प्रतिशतले कर कट्टा गर्नुपर्नेमा कार्यालयले कर कम हुने किसिमबाट बिना कागजात सामान्य नर्मसको आधार देखाई खुद काममा कर समेत थप गरी बढी व्ययभार पारेको छ । गाउँ सभाबाट स्वीकृत नगरी, बजेटको व्यवस्था नभएको तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रकृया समेत नपुर्‍याई गरेको अनियमित खर्चलाई नियमित गर्नुपर्दछ । | ३१०८१२५.०० |
| २७ | | **निर्माण कार्य सम्पन्न नभएको :-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(११) उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरि सकेपछि प्राविधिकबाट नापजाँच गराई सो को विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने र निर्माण सम्पन्न कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले उपभोक्ता समिति मार्फत गरेको अधिकांश कार्यहरु निर्माण सम्पन्न भएका छैनन् । सम्झौता अवधि भित्र सम्पन्न हुन नसकेको कार्यहरुको म्याद थप गरी समयमा नै कार्य सम्पन्न गर्ने तर्फ कार्यालयले पहल गरेको छैन । लामो समयसम्म कार्य सम्पन्न नभै बाँकि रहेको कार्यहरुको केहि उदाहरण देहाय बमोजिम छन । निर्माण सम्पन्न भएका योजनाहरुको अभिलेख | |

समेत कार्यालयले राखेको छैन ।

| भौ.नं. र मिति | कार्य | उपभोक्ता समिति | रकम रु. | सम्पन्न गर्नपर्ने मिति |
|---|---|---|---|---|
| १५।२०७५-०९-२६ | विद्युत संरचना निर्माण | ठाटा दुलैना लगन देखि गर्जेसम्म विद्युत लाइन विस्तार उ.स | ५७६३०००.०० | २०७६-०२-१० |
| २२।२०७५-०९-२६ | विद्युत संरचना निर्माण | दुदिलादेखि गर्जेसम्म विद्युतलाई विस्तार उ.स. | १५०००००.०० | २०७६-०१-२० |
| २३।२०७५-०९-२६ | विद्युत संरचना निर्माण | भेके खोला लघु जलविद्युत आयोजना उ.स. | २५६४०००.०० | २०७६-०३-३० |
| २४।२०७५-०९-२६ | विद्युत संरचना निर्माण | थलालीगाड लघु जल विद्युत उ.स. | १५०००००.०० | २०७६-०२-१५ |
| १०।२०७५-०९-२६ | विद्युत संरचना निर्माण | पातलीगाड लघु जलविद्युत उ.स. | १४७५०००.०० | २०७६-०१-३० |
| ६४।२०७६-०१-१२ | भवन निर्माण | भवन निर्माण | ६७६८६६८.०० | २०७६-०२-२० |
| ६५।२०७६-०१-१२ | भवन निर्माण | भवन निर्माण | ८७०००००.०० | २०७६-०३-१५ |

२८ **बढी पेश्की भुक्तानी :-** ५३।२०७५-११-२६,७०।२०७६-०१-२५ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(५) मा सार्वजनिक निकायले उपभोक्ता वा लाभग्राहि समुदायसँग निर्माण कार्यको सम्झौता भएपछि समुदायलाई सम्झौता रकमको बढीमा एक तिहाई मात्र पेश्की दिन सकिने व्यवस्था गरेको छ । गाउँपालिकाले डोटी-तलारा-ढंगाड-गर्जे सडक निर्माण गर्न उपभोक्ता समितिसंग कार्यालयले सम्झौता रकमको एक तिहाई रु.१३,७८,७८७- मात्र पेश्की दिनुपर्नेमा रु.२७,५९,०००।- सम्म पेश्की दिएको छ । योजनाको कार्य सम्पन्न गर्ने अवधि मिति २०७६-०२-३० सम्म रहेकोमा हालसम्म योजना सम्पन्न भएको छैन । कार्यालयले निर्माण सम्पन्न हुन बाँकि कामको छिटो सम्पन्न गर्ने तर्फ पहल गरी

| | | | |
|---|---|---|---|
| | | पेश्की रकम सुरक्षित गर्ने तर्फ ध्यान दिनुपर्दछ। | |
| २९ | | **कन्टेन्जेन्सी :-** गाउँपालिकाले योजनागत अभिलेख तयार गरी सो को कन्टेन्जेन्सी रकमको अभिलेख तयार गरेको छैन । अभिलेख बिना कन्टेन्जेन्सीबाट यो वर्ष रु.१६,५७,४००।- खर्च भएको छ । सम्बन्धित योजनाहरुको नापजाँच तथा अनुगमनमा खर्च गर्नुपर्ने रकम अन्य प्रयोजनामा समेत खर्च भएको छ । कन्टेन्जेन्सीको अभिलेख तयार गरी सम्बन्धित योजनाहरुको काममा मात्र खर्च गर्नुपर्दछ। | |
| ३० | | **अनुगमन भत्ता :-** ११।०७६-०३-१६ गाउँपालिकाले आ.व.को अन्तमा अनुगमन भत्ता स्वरुप रु.२,४५,६००।- खर्च लेखेको छ। कुन कर्मचारी/पदाधिकारीलाई कहाँ कहिले र के कार्यको लागि खटाएको हो सो को प्रतिवेदन लिई खटाएको कार्य सम्पन्न भए पछि तुरुन्तै बिल भर्पाई र प्रतिवेदनको आधारमा खर्च लेख्नुपर्नेमा आ.व. अन्तमा सो विवरण नखुलाई २० जना कर्मचारी/पदाधिकारीको एउटै प्रतिवेदन राखी गरेको खर्च नियमित मान्न नसकिएकोले नियमित गर्नुपर्दछ। | २४५६००.०० |
| ३१ | | **कर्मचारी कल्याण कोष :-** गाउँपालिकाले यो वर्ष कर्मचारी कल्याण कोषको लागि रु.१०,००,०००।- बजेट व्यवस्था गरेकोमा सो कोष संचालनमा ल्याएको छैन । कोषको कार्यविधि तयार गरी कोष खडा गर्नुपर्दछ। | |
| ३२ | | **विपद व्यवस्थापन कोष :-** गाउँपालिकाले विपद व्यवस्थापन कोष संचालन गरेको छैन। विपद व्यवस्थापन कोषको कार्यविधि तथा प्रति कार्ययोजना तयार गरी विपद व्यस्थापन कोष संचालनमा ल्याउनु पर्दछ। | |
| ३३ | | **बेरुजुको अभिलेख** :- गाउँपालिकाले आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजु विवरण र महालेखापरीक्षकको कार्यालयबाट जारी भएको अन्तिम लेखापरीक्षणको प्रतिवेदन बमोजिमको बेरुजु विवरण देखिने गरि बेरुजु अभिलेख तयार गरि राख्नु पर्नेमा अभिलेख तयार गरि राखेको छैन। | |
| ३४ | | **भ्रमण अभिलेख** :-गाउँपालिकाले कार्यालयको कामको लागि काजमा खटिने कर्मचारीको अभिलेख प्रष्ट देखिने गरि दैनिक भ्रमण भत्ताको लागि भ्रमण आदेशको लेखाङकन गर्नुपर्दछ। कुन मितिमा कुन कर्मचारी कहाँ गएको थियो, दोहोरो नपर्ने गरि अभिलेख तयार गर्नुपर्नेमा कार्यालयले अभिलेख तयार गरेको छैन। | |
| ३५ | | **<u>गाउँपालिका (चालु)</u>**<br><br>**शैक्षिक संस्थालाई सहायता :-** गाउँपालिकाले यो वर्ष विभिन्न विद्यालयहरुलाई शैक्षिक संस्थालाई सहायता स्वरुप रु.१,९७,६०,६८०।- अनुदान निकासा गरेको छ। विद्यालयहरुको शैक्षिक स्तर र विद्यार्थी संख्या लगायतको विविध पक्षको मूल्यांकन | |

| | | | |
|---|---|---|---|
| | | गरी निकासा दिनुपर्नेमा सो विषयहरुलाई आधार बनाएको देखिएन । | |
| ३६ | | **सामाजिक सुरक्षा भत्ता नगद वितरण :** नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्नूपर्ने व्यवस्था गरेको छ । कार्यालयले बैंक मार्फत नगरी नगदै वितरण गरेको देखियो । नेपाल सरकारको निर्णय कार्यान्वयन गरी वैंक मार्फत भत्ता वितरण हुनु पर्दछ । साथै प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको प्रत्येक वडाबाट अद्यावधिक विवरण लिई वास्तविक तथ्याङकको आधारमा भुक्तानी गर्नुपर्दछ । | |
| ३७ | | **पेश्की बांकी :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई लिएको पेश्की फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । कार्यालयले २०७५ आषाढ मसान्तमा बितिय समानीकरण पुँजिगत, राजस्व बाँडफाँड समेतबाट रु.२११४२५१५.०० पेश्की दिएकोमा लेखापरीक्षण अबधि सम्म फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार समयमानै पेश्की फछ्र्यौट हुनुपर्दछ । | २११४२५१५.०० |

| नाम | | रकम रु. |
|---|---|---|
| चुवागाड लघु जलविद्युत योजना | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | ४४२५००.०० |
| पातलीगाड लघु जलविद्युत योजना | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | ४४२५००.०० |
| ठाटा दुलैना विद्युत लाइन विस्तार योजना | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | ८९९०००.०० |
| विद्युत सेवा विस्तार समिति | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | १२४५०००.०० |
| भेकेखोला लघु जलविद्युत आयोजना | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | २५६४०००.०० |
| थलालीगाड लघु जलविद्युत आयोजना | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | १३८७०००.०० |
| वडा कार्यालय भवन निर्माण योजना उ.स. | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | ३०००००.०० |
| वडा कार्यालय भवन निर्माण योजना उ.स. | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | ३०००००.०० |
| गाउँपालिका अध्यक्ष निवास निर्माण योजना उ.स. | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | ७५००००.०० |
| सिगास धुरा सिडि निर्माण योजना उ.स. | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | १५०००००.०० |
| जनता आ.वि. भवन निर्माण योजना उ.स. | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | १५००००.०० |
| आर.सि.सि. पुल निर्माण योजना उ.स. | ८०१८७२४ (वित्तिय सा. | १०५०००.० |

| | | |
|---|---|---|
| | पूँजीगत) | ० |
| डोटी तलारा ढुगाड गर्जे सडक नि.उ.स. | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | २७५९०००.०० |
| प्रहरी चौकी भवन निर्माण उ.स. | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | ७५००००.०० |
| केन्द्रिय विद्युत प्रसारण लाईन उपभोक्ता समिति | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | ८४००००.० |
| कर्मचारी आवास गृह निर्माण उ.स. | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | १५०००००.०० |
| देउलेक मौरीवगर सडक योजना उ.स. | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | २३९३०००.०० |
| वडा कार्यालय भवन निर्माण योजना उ.स. | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | ३०००००.०० |
| खेदीगाड मटिखन्ना खा.पा. योजना उ.स. | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | ७३०००.०० |
| वडा कार्यालय खा.पा. टंकी धारा निर्माण योजना उ.स. | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | १२००००.०० |
| वोरीगाउँ सिचाई योजना उ.स. | ८०१८७२४ (वित्तिय सा. पूँजीगत) | ३०००००.०० |
| जनचेतना विकास सामाज नेपाल बैतडी | ८०१८७२३ (राजस्व बाँडफाड) | ५५०८७५.०० |
| ग्लोवल डोर रिर्सच सेन्टर काठमाडौं | ८०१८७२३ (राजस्व बाँडफाड) | ५९६६४०.०० |
| चौखाम स्वास्थ्य चौंकि | ८०१८७२३ (राजस्व बाँडफाड) | ७००००.०० |
| ढुंगाड स्वास्थ्य चौंकि | ८०१८७२३ (राजस्व बाँडफाड) | ४५०००.०० |
| गाजरी स्वास्थ्य चौंकि | ८०१८७२३ (राजस्व बाँडफाड) | ७००००.०० |
| शिवलिङ स्वास्थ्य चौंकि | ८०१८७२३ (राजस्व बाँडफाड) | १०००००.०० |
| सिगास स्वास्थ्य चौंकि | ८०१८७२३ (राजस्व बाँडफाड) | ४५०००.०० |
| थलाकाडा स्वास्थ्य चौंकि | ८०१८७२३ (राजस्व बाँडफाड) | ४५०००.०० |
| श्री धनविर लोहार | मुक्त हलिया कार्यक्रम | १२५०००.०० |
| श्री धने भुल | मुक्त हलिया कार्यक्रम | १२५०००.०० |
| श्री खिना लुहार कामि | मुक्त हलिया कार्यक्रम | १२५०००.० |

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>०</td></tr>
<tr><td>श्री लक्ष्मी ढोली</td><td>मुक्त हलिया कार्यक्रम</td><td>१२५०००.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२११४२५१५.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td></td><td>प्रगति :- आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम २३ बमोजिम कार्यालयले कार्यक्रम कार्यान्वयन गरी नियम २५ अनुसार प्रगति विवरण तयार गरि समिक्षा गर्नुपर्ने र प्रगतिको विवरण प्रदेश मन्त्रालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा कार्यालयले प्रगति विवरण तयार गरेको छैन । नियमको पालना गरी प्रगति तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td>भ्रमण भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा :- कार्यालयले भ्रमण खर्च भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरि भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण गरेको दिनको स्थानीय भत्ता कट्टा गरेको छैन । यसले दोहोरो भत्ता भुक्तानी भएको देखिन्छ । नियमको पालना गरि भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण अवधिको स्थानीय भत्ता कट्टा गरि भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td>कार्यसम्पन प्रतिवेदन :- ७०७६।३।३० सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्चाउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकाय प्रमुखले त्यस्तो निर्माण कार्यको स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँच बुझ गराई कार्य सम्पन्न गराउनु पर्ने व्यवस्था छ । कार्यालयले देहायका विद्यालयमा भवन निर्माण कार्यको कार्यसम्पन्न बेगर भुक्तानी गरेकोले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नपर्दछ ।
<table>
<tr><td>विद्यालयको नाम</td><td>रकम</td></tr>
<tr><td>भुवन भाष्कर मा.वि. चमडेखर्क रेक्टोफिटिङ कार्य</td><td>१५०००००</td></tr>
<tr><td>महादेव प्रा.वि. लाम्वगर २ कोठे भवन निर्माण</td><td>१६०००००</td></tr>
<tr><td>जनाधार आ.वि. बुढाकोट २ कोठे भवन निर्माण</td><td>१६०००००</td></tr>
<tr><td>गणेश मा.वि लेक वस्ती भवन निर्माण</td><td>१८०००००</td></tr>
<tr><td>भुवनेश्वर मा.वि. खैराकोट शौचालय निर्माण</td><td>७०००००</td></tr>
<tr><td></td><td>७२०००००</td></tr>
</table>
</td><td>७२०००००.००</td></tr>
<tr><td>४१</td><td></td><td>वर्थिङ्ग सेन्टर अ.न.मी. तलव :- २०७५।६।२१ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्थानीय तहमा संचालन गरिने निर्देशिका २०७५।७६ को क्रियाकलाप नं.७ मा वर्थिङग सेन्टरमा अ.न.मी. करारमा नियुक्ति गर्दा न्यूनतम तलव स्केल रु.२२१७०।- दिनुपर्ने उल्लेख छ । गाउँपालिकाले ९ जना अ.न.मी. को तलव रु.२३९४०००।- लाई १४ देखि १६ जना सम्म रु.१४०००।- मा करार गरी अ.न.मी. भर्ना गरेको देखियो । निर्देशिका विपरित न्यूनतम स्केल भन्दा घटि</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | तलब भुक्तानी गरि बढी कर्मचारी भर्ना गर्नु नियम संगत भएन । यसबाट जनताको गुणस्तरीय सेवामा असर पर्ने जान सक्छ । अतः नियमको पालना गरि न्यूनतम तलब स्केलको रकम भुक्तानी दिनुपर्छ । | |
| ४२ | | **प्राथमिक स्वास्थ्य केन्द्र भवन :-**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्चाउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकाय प्रमुखले त्यस्तो निर्माण कार्यको स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेसन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँच बुझ गराई कार्य सम्पन्न गराउनु पर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.३।०७६।३।२५ डुडै सिगास-३ का लागि प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण कार्यको लागि लागत अनुमान रु.४६४८८७८।- तयार पारि २०७६।३।१५ मा कार्य सम्पन्न हुने गरि सम्झौता गरी यो वर्ष रु.२०५५०००।- बजेट विनियोजन गरि रु.१६१६०५९।- खर्च गरेको देखियो । उक्त भवनको लागत अनुमान अनुसारको भवन निर्माण सम्पन्न भई कार्य सम्पन्न भएको प्रमाण पेश हुनुपर्दछ । | १६१६०५९.०० |
| ४३ | | **बढी भुक्तानी :-** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६(३) मा खर्च बिल भर्पाइ सहित खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.५।०७६।३।२५ मा लघु जलविद्युतको लागि नहर निर्माण कार्यको लागि बिल भर्पाइ रु.७३७७०३।- भुक्तानी दिनु पर्नेमा रु.७९३८२२।- गरेको देखिएकोले बढी भुक्तानी भएको असुल गरी दाखिला गर्नुपर्दछ । | ५६११९.०० |

**गाउँपालिकाको सञ्चित कोष विवरण** **अनुसूची १**

**२०७५।७६**

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५(२+३+४) | ६ | ७ | ८ | ९(६+७+८) | १०(१+५-९) |
| १ | सिगास गाउँपालिका | वैतडी | ८६७१५ | ८८२९९ | २३१९१४ | १५७० | ३२१७८३ | २९३६१२ | ५३७९८ | १५७० | ३४८९८० | ५९५१८ |

**अनुसूची( २**

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)

**२०७५।७६** **(रु.हजारमा)**

| क्रस | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा स)ख्या | | | दफा स)ख्या | | | दफा स)ख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | सिगास गाउँपालिका | ३१ | १५ | ६०६३५ | ० | ० | ० | ३१ | १५ | ६०६३५ | १०३२ | १४८८६ | २३५७४ | ० | ० | ३८४६० | ० | २११४३ | २११४३ |

## अद्यावधिक वेरुजू स्थिति

**अनुसूची ३**

**२०७५।७६** **(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | सिगास गाउँपालिका | वैतडी | २४१९६ | १५८७२ | ८३२४ | २०८ | ६०६३५ | ६९१६७ |